**निर्णय नं. १**

मिति २०८३-२-२९ को वैठकवाट भएका निर्णयहरुको समिक्षात्मक छलफल गरियो।

- समितिका प्रतिवेदन नगर सभामा पेश भएका
- आर्थिक ऐन र विनियोजन ऐन नगर सभामा पेश भएका
- निर्माण व्यवसायी र DSC को म्याद थप गरिएको
- सशर्त अनुदान तर्फको  शैक्षिक पहुँच सुनिश्चितताका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम शिर्षकबाट १२ (सत्र) जना विद्यार्थीहरूलाई रु. ६,०००/- (अक्षरेपी छ हजार रुपैयाँ मात्र) का दरले उपलव्ध गराएको
- विद्यालय मर्ज तथा प्राथमिक तहका साविक दरबन्दीहरू कट्टा गरी विद्यार्थी संख्या बढी भएका वा कक्षा ६-८ / माध्यमिक तह सञ्चालित विद्यालयहरूमा दरबन्दी मिलान गरिएको
- गाउँनगर साझेदारी कार्यक्रमको नाममा रा.वा. बैंक धनकुटामा रहेको बैंक खाता निश्क्रिय रहेको खातालाई वन्द गरीएको
- व.शी.नं. २२५२२ ल्याण्डफिल्ड साइड प्रभावित विशेष कार्यक्रमा स्वीकृत रकमको विनियोजनलाई कार्यान्वयन गरीएको
- टुडिखेलमा निर्माण भएको मञ्चको अगाडिवाट भित्र खेलाडीका लागि चेन्जिङ्ग रुम र शौचालय निर्माण गरी मञ्चको अगाडिको विग्रिएको भाग समेत मर्मत गरी मञ्च विस्तार गर्ने गरी स्ट्रक्चर निर्माण गर्ने निर्माण व्यवसायीलाई पत्र दिएको
- फोहर पुर्ने माटो ल्याण्डफिल्ड साइड सम्म ढुवानी गर्दा लागेको ढुवानी भाडा वापतको रकम रु ८,००,०००/- भुक्तानी दिएको
- पुरस्कृत तथा सम्मानका लागि संस्था,व्यक्ति छनौट भएका
- कृषक/फर्मलाई साझेदारीमा यन्त्र/उपकरण खरिदका लागि साझेदारी रकम उपलब्ध गराएको

**निर्णय नं. २**

धनकुटा नगर कार्यापालिकाको कार्यालयबाट मिति २०८३।२।२९ गते प्रकासित सूचना अनुसार तह वृद्धिका लागि आवेदन पेश गर्ने कर्मचारीहरुको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (४) बमोजिम तह वृद्धि सिफारिस समितिवाट मिति २०८३।३।२८ मा सिफारिस भई आएका तपसीलमा उल्लेखित स्तर, तह र पदमा सोही ऐनको दफा २७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी उपदफा (५) वमोजिम हुनेगरी तह वृद्धि गर्ने निर्णय गरियो ।

तपसिल

१. दफा २७ को उपदफा (१) बमोजिम योग्यताक्रमानुसार तह वृद्धि हुँदा स्वतः माथिल्लो तहको पद कायम हुने गरी अधिकृत स्तर आठौं तहमा वृद्धि गर्ने ।

| योग्यता क्रम | नाम थर | साविकको पद | | | क. स. नम्बर | स्वतः तह वृद्धि गरिको | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पद | स्तर/तह | सेवा/समूह/ उपसमूह | | पद | स्तर/तह | सेवा/समूह/ उपसमूह |
| १. | मिङमादोर्जी शेर्पा, | ईन्जिनियर | अधिकृत स्तर सातौं | स्थानीय ईन्जिनियरिङ्ग / जनरल | | सिनियर ईन्जिनियर | अधिकृत स्तर आठौं | स्थानीय ईन्जिनियरिङ्ग / जनरल |
| २. | श्री उपेन्द्र खनाल, | शाखा प्रमुख | अधिकृत स्तर सातौं | स्थानीय प्रशासन सामान्य प्रशासन | | वरिष्ठ शाखा अधिकृत | अधिकृत स्तर आठौं | स्थानीय प्रशासन सामान्य प्रशासन |
| ३. | श्री राजु गुरागाई | सामाजिक विकास अधिकृत | अधिकृत स्तर सातौं | स्थानीय प्रशासन सामान्य प्रशासन | | वरिष्ठ शाखा अधिकृत | अधिकृत स्तर आठौं | स्थानीय प्रशासन सामान्य प्रशासन |

२. दफा २७ को उपदफा (१) बमोजिम योग्यताक्रमानुसार तह वृद्धि हुँदा स्वतः माथिल्लो तहको पद कायम हुने गरी अधिकृत स्तर छैटौं तहमा वृद्धि गर्ने

| योग्यता क्रम | नाम थर | साविकको पद | | | क. स. नम्बर | स्वतः तह वृद्धि गरिको | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पद | स्तर/तह | सेवा/समूह/ उपसमूह | | पद | स्तर/तह | सेवा/समूह/ उपसमूह |
| १ | श्री तेज वहादुर थापा | नायव सुव्वा | सहायक स्तर पाचौं | स्थानीय प्रशासन सामान्य प्रशासन | | सहायक अधिकृत | अधिकृत स्तर छैटौं | स्थानीय प्रशासन सामान्य प्रशासन |
| २ | श्री विष्णु पोदार | सव ईन्जिनियर | जनरल | स्थानीय ईन्जिनियरिङ जनरल | | ईन्जिनियर | अधिकृत स्तर छैटौं | स्थानीय ईन्जिनियरिङ जनरल |
| ३ | श्री कमला थापा | नायव सुव्वा | सहायक स्तर पाचौं | स्थानीय प्रशासन सामान्य प्रशासन | | सहायक अधिकृत वडा सचिव | अधिकृत स्तर छैटौं | स्थानीय प्रशासन सामान्य प्रशासन |
| ४ | श्री सुमित प्रधान | नायव सुव्वा | सहायक स्तर पाचौं | स्थानीय प्रशासन सामान्य प्रशासन | | सहायक अधिकृत वडा सचिव | अधिकृत स्तर छैटौं | स्थानीय प्रशासन सामान्य प्रशासन |
| ५ | श्री मञ्जु कार्की | नायव सुव्वा | सहायक स्तर पाचौं | स्थानीय प्रशासन सामान्य प्रशासन | | सहायक अधिकृत वडा सचिव | अधिकृत स्तर छैटौं | स्थानीय प्रशासन सामान्य प्रशासन |
| ६ | श्री कमल कार्की | सर्भेक्षक | सहायक स्तर पाचौं | स्थानीय ईन्जिनियरिङ सर्भे | | सहायक नापी अधिकृत | अधिकृत स्तर छैटौं | स्थानीय ईन्जिनियरिङ सर्भे |

## निर्णय नं. ३

हाल देशमा उपलब्ध असमान्य परिस्थिती (पेट्रोलियम पदार्थको मूल्य वृद्धि, अन्तर्राष्ट्रिय क्षेत्रको जटिल परिस्थितीका कारण विटुमिनको अभाव, पटक पटक ठेक्का व्यवस्थापनका लागी सूचना प्रकाशन तथा यस वर्ष चैत्र, वैशाख जेष्ठ महिनामा भएको

वर्षाद लगायतका कारण तपसीलमा उल्लेखित ठेक्का प्रकृयाबाट संचालनमा रहेका योजनाको (सम्झौताका शर्तहरू यथावत राखी तथा थप आर्थिक दायित्व नबढ्ने गरी) म्याद थप गरी योजना सम्पन्न गराउने निर्णय गरियो।

**तपसीलः**

(क) नगर क्षेत्रमा पार्क निर्माण योजनाको म्याद समाप्त भएको मिति देखि २०८३ भाद्र तेस्रो हप्ता सम्म।

(ख) धनकुटा नगरपालिका - १, ४, ५, ६, र ७ मा रहेका शहरी सडक मर्मत कार्य गर्ने योजनाको म्याद समाप्त भएको मिति देखि २०८३ असोज २० गते सम्म।

**निर्णय नं. ४**

विश्व बैंकको लगानी NUGIP आयोजनाको प्राविधिक सहयोगमा नगरपालिका वाट सञ्चालनमा रहेको DSC र धनकुटा नगरपालिकाको व्यवस्थापनमा निर्माण भइरहेको हिले-भिरगाउँ-मधुगंगा सडकको कार्य सम्पन्न नभई म्याद थपको प्रकृयामा रहेको हुनाले DSC को पनि म्याद समाप्त भएको मिति देखि २०८३ भाद्र १५ सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

गरिमा विकास बैंकको च.नं. ११४ मिति २०८३/०३/१० मा सामाजिक सुरक्षा भत्ताका लागि खोलिने बैंक खाता सेवाग्राहीको सुविधालाई मध्यनजर गर्दै घर घरमानै खोलिने व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गर्दै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्य प्रदान गरिदिनु हुन भनी उल्लेख भएको पत्र आजको बैठकमा पेश भइ छलफल हुँदा गरिमा विकास बैंक लि.लाई वडा ५ को सामाजिक सुरक्षा भत्ता वितरण गर्न दिने निर्णय गरियो।

**निर्णय नं. ६**

चालु आ.व. को स्वीकृत कार्यक्रम अन्तर्गत विभिन्न शीर्षकमा रहेका योजनाको शीर्षक परिवर्तन गरी भएको निम्न अनुसारको भुक्तानीलाई अनुमोदन गर्ने निर्णय गरियो।

निम्न

| क्र. सं. | ब. शि. नं. | साविकको शीर्षकको नाम | स्वीकृत रकम | हाल परिवर्तित कायम भएको शीर्षकको नाम | रकम |
|---|---|---|---|---|---|
| १ | ३११३१ | कृषि विकास कार्यक्रम | ३,००,०००/- | टुडिखेलको सौचालयको ढोका निर्माण, कार्यलयको आगनको वाल मर्मत र रंगरोगन | ९६,६८३/- |
| २ | ३११५१ | दायित्व कालिका स्थान जाने पैदल मार्ग | २,००,०००/- | जिरोप्वाइन्ट -साकार स्कुल दक्षिण काली सडक | १,५०,०००/- |
| ३ | — | मर्मत संभार कोष | | उत्तरपानी खनाल टोल कृषि सडक स्तरोन्नती | १,५०,०००/- |
| | | | | नामिन्दा डाडा जिमि प्रा.वि. सडक स्तरोन्नती | १,००,०००/- |
| | | | | सत्संग मोठ तुलसी कुवा जाने सडक | २,००,०००/- |
| ४ | ३११५९ | बौद्ध गुम्बा निर्माण स्थल व्यवस्थापन त्रिशुले | १,५०,०००/- | दक्षिणकाली मन्दिर जाने घण्टे चौतारा खोल्सी कल्भर्ट निर्माण | १,५०,०००/- |
| ५ | ३११५६ | | २,००,०००/- | खानेपानी मुहान संरक्षण उपभोक्ता समिति धनपा-२ | १,००,०००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | स्कुलडाँडा खानेपानी उपभोक्ता समिति धनपा-२ | | राझे खोला वेलहारा वेसि खानेपानी योजना | १,००,०००/- |
| ६ | ४११५६ | स्कुलडाँडा खानेपानी उपभोक्ता समिति धनपा-२ | १,००,०००/- | खानेपानी पाइप खरिद तथा वितरण (का.पा. सदस्य कृष्णमाया श्रेष्ठ) | १,००,०००/- |
| ७ | ३११५९ | वसपार्क पसल कवल गौतम होटल ट्वाइलेट मर्मत | २,००,०००/- | वेथेलवाप्ती चर्च मर्मत धनपा-४ | ५०,०००/- |
| ८ | २७५२२ | दायित्त वाडाङ्गमेट फुटवल प्रतियोगिता | १,००,०००/- | नेवादयदुङ् समूह घर परिसरमा मेसनरी वाल निर्माण | १,००,०००/- |
| ९ | २५५२२ | संघ संस्था साझेदारी कार्यक्रम | २,००,०००/- | संघ संस्था साझेदारी कार्यक्रम (का.पा. सदस्य डिल कुमार राई) | १,००,०००/- |
| १० | ३११५१ | दायित्व श्री कृष्ण टोल देखि देविन श्रेष्ठको घर छेउ कलभर्ट निर्माण | १,५०,०००/- | वडा कार्यालय उद्घाटन तथा व्यवस्थापन | १,३०,०००/- |

**निर्णय नं. ७**

साना सिँचाई कार्यक्रमको च.नं. ७३ मिति २०८३।०३।१८ को क्लष्टर कार्यालय बन्द हुने  जानकारी सम्बन्धको पत्र आजको बैठकमा पेश भई जानकारी भयो।

**निर्णय नं. ८**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सहयोग कार्यक्रम विराटनगरको च.नं. ५४ मिति २०८३।०३।१२ को कोशी प्रदेश आपतकालीन सेवा केन्द्र स्थापनाका लागि डि.पि.आर. तयारी सम्बन्धको पत्र साथ  प्राप्त हुन आएको DPR तयारीको कार्यदेश आजको बैठकमा पेश भई छलफल हुँदा धनकुटा नगरपालिका-१ मा रहेको हिले खानेपाली तथा सरसफाइ उपभोक्ता समिति हिलेको नाममा दर्ता कायम भएको साविक निगाले पञ्चायत वडा नं. ३ को कि.नं. ४३८ र १२०९ मा आवश्यक संरचना निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न तयार पारिएको कार्यदिशा (Terms of Reference - TOR) को मस्यौदाको स्वीकृतीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सहयोग कार्यक्रम कोशी प्रदेश विराटनगर पठाउने निर्णय गरियो।

**निर्यण न. ९**

धनकुटा नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०८३ तथा धनकुटा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति २०८३ आजको वैठकमा पेश भइ छलफल हुँदा संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्यण न. १०**

धनकुटा नगरपालिकाको १० वर्षे शिक्षा योजना (२०७८-२०८७) लाई अद्यावधिक गरी तयार गरिएको नगर शिक्षा योजना (२०७८-२०८७) अद्यावधिक संस्करण, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्यण न. ११

धनकुटा नगरपालिकाको अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको विद्यालय वाहिर रहेका वालबालिकाहरुको नाम नामेशी सहितको प्रोफायल आजको वैठकमा पेश भइ छलफल हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्यण न. १२

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.न. २४३ मिति २०७८/१२/२२ को पत्रको बुँदा नं. ४ मा दीर्घकालीन व्यवस्थापन नहुन्जेलसम्मका लागि साविकका विद्यालय कर्मचारीहरूलाई **मर्ज भएकै मातृ विद्यालयमा कामकाज गर्ने गरी व्यवस्थापन** गरी एकभन्दा बढी कर्मचारी भएको खण्डमा हाल स्वीकृत अनुदान रकम सोही विद्यालयमा निकासा गरिने र ती कर्मचारीले सेवा छाडेमा वा उमेर हदका कारण रिक्त भएमा उक्त पदमा **नयाँ नियुक्ति नगरिने** नीति उल्लेख भएकोले सोही अनुसार निम्न विद्यालय कर्मचारी व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क्र.स. | विद्यालय कर्मचारीको नाम | साविक कार्यरत पद | साविक कार्यरत विद्यालय | हाल व्यवस्थापन हुने विद्यालय |
|---|---|---|---|---|
| १ | क्षेत्रकुमारी मगर | विद्यालय सहयोगि | श्री थानी आधारभूत विद्यालय, धनपा-९,गुठीटार | श्री कौशिका आ.वि., धनपा-९, मुलघाट |
| २ | धनमाया ढुगांना | विद्यालय सहयोगि | श्री देउराली मा.वि. धनपा-८, सान्ताङ्,धनकुटा | श्री त्रिवेणी मा वि, ध.न.पा.-०७, चुलिवन |

## निर्यण न. १३

देउराली माध्यमिक विद्यालयको विद्यालय सहायक कर्मचारी नियुक्तिका लागि अनुमति माग सम्बन्धि पत्र माथि छलफल हुँदा श्री देउराली माध्यमिक विद्यालय धनकुटा नगरपालिका वडा नम्बर ८ सानताङ्गमा ससर्त अनुदान तर्फको विद्यालय सहायक कर्मचारी (लेखापाल) कोटा १ नियुक्तिका लागि अनुमति दिने निर्णय गरियो ।

## निर्यण न. १४

हाल देशमा उपलब्ध असमान्य परिस्थिती (पेट्रोलियम पदार्थको मूल्य वृद्धि, अन्तर्राष्ट्रिय क्षेत्रको जटिल परिस्थितीका कारण विटुमिनको अभाव, तथा यस वर्ष चैत्र, वैशाख जेष्ठ महिनामा भएको वर्षाद लगायतका कारण विश्व बैंकको आर्थिक सहयोग तथा NUGIP आयोजनाको प्राविधिक सहयोग र धनकुटा नगरपालिकाको व्यवस्थापनमा निर्माण भइ रहेको हिले (वडेश्वर मन्दिर) - भिरगाउँ - मधुगंगा सडकको काम असार महिना भित्र सम्पन्न नहुने भएकाले (सम्झौताका शर्तहरू रहने तथा आर्थिक दायित्व नबढ्ने गरी) हिले (षडेश्वर मन्दिर) - भिरगाउँ - मधुगंगा सडकको म्याद समाप्त भएको मिति देखि २०८३ भाद्र ७ गते सम्म म्याद थप गरी योजना सम्पन्न गराउन सहमतीका लागि नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना समक्ष पठाउने निर्णय गरियो।

## निर्णय नं १५

धनकुटा नगरपालिकाबाट साबिकको गाबिस अनुसारको कित्ता विवरणबाट यस अघि अनूसूची-३ मा गरिएको भू-उपयोग वर्गीकरणमा छुट भई वर्गीकरण कायम गरिदिन प्राप्त निवेदनका सम्बन्धमा मिति २०८३/०३/२९ गतेको स्थानीय भू-उपयोग परिषद्को बैठकबाट भएको सिफारिस तथा भू-उपयोग (पहिलो संशोधन), नियमावली, २०८० को दफा ४ को उपदफा ४ अनुसार देहाय बमोजिम कायम गर्ने निर्णय गरियो ।

| क्र.स. | जग्गाधनीको नाम | ठेगाना | साबिक ठेगाना | कि.न. | क्षेत्रफल | हालको अवस्था | कायम गर्नुपर्ने क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | ओमबहादुर मगर | धनकुटा न.पा. २ | भीरगाउँ गाबिस-९ | ४४ | ६-६-०-१ | छुट भएको | कृषि |
| २ | कृष्णबहादुर श्रेष्ठ | धनकुटा न.पा. ६ | निगाले-६ | १७२३ | ०-१२-३-० | छुट भएको | आवासिय |
| ३ | सन्तकुमारी राई | धनकुटा न.पा. ६ | धनकुटा बजार-४ | ९६९ | १-०-०-० | छुट भएको | आवासिय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | ओमप्रकाश तितुङ | धनकुटा न.पा. ६ | धनकुटा बजार- | १३२ | ०-५-०-० | छुट भएको | आवासिय |
| ५ | पूर्णबहादुर बुढाथोकी | धनकुटा न.पा. ४ | धनकुटा बजार-२ | ६९७ | ०-१२-१-२ | छुट भएको | आवासिय |
| | | | | ९०५ | ०-६-०-० | | |
| | | | | ९०८ | ०-४-२-० | | |
| | | | | ९१० | ३-०-०-० | | |
| | | | | ९०७ | ०-३-०-० | | |

**निर्णय नं १६**

चालु आ.ब. २०८२/०८३ का लागि धनकुटा नगरपालिकामा नेपाल सरकारबाट प्राप्त विशेष अनुदान अन्तर्गत भूमिहीन आठपहरिया समुदाय तथा गरिबीको सूचकाङ्कमा रहेका परिवारहरूको आर्थिक तथा सामाजिक अवस्था सुधार गर्ने उद्देश्यले सञ्चालन भइरहेको कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमबाट तपसिल अनुसारका कृषकबाट बिभिन्न समयमा माग भई आएका यन्त्र/उपकरण खरिदमा कृषकसँग साझेदारी गर्ने गरी मिति २०८३/०३/०५को प्रमुख स्तरीय निर्णय अनुसार भएको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

निम्न

| क्र.स. | माग गर्ने समूह/कृषकको नाम | ठेगाना | सम्पर्क नम्बर | माग भएको यन्त्र/उपकरण | पालिकाको साझेदारी रकम |
|---|---|---|---|---|---|
| १ | पवित्रा तामाङ्ग | धनकुटा नपा-९ | ९८०७३४७९६६ | मिनिटिलर | ६०००० |
| २ | बिष्णुकुमारी माझी | धनकुटा नपा-९ | ९८४००३६३५८ | मिनिटिलर | ६०००० |
| ३ | कर्णबहादुर राई | धनकुटा नपा-१० | ९८०७००४६३६ | मिनिटिलर | ६०००० |
| ४ | सूर्यबहादुर राई | धनकुटा नपा-१० | ९८२८८९४३४८ | मिनिटिलर | ५६००० |
| ५ | होमबहादुर पुलामी मगर | धनकुटा नपा-२ | ९८६७०६८३७२ | मिनिटिलर | ६०००० |
| ६ | कर्णबहादुर मगर | धनकुटा नपा-२ | ९८४२९५२२१२ | मिनिटिलर | ६०००० |
| ७ | अञ्जना भट्टराई | धनकुटा नपा-६ | ९८४२०८८९८५ | मिनिटिलर | ६०००० |
| ८ | सुरेन्द्रकुमार राई | धनकुटा नपा-९ | ९८०७३१४३२६ | मिनिटिलर | ५६००० |
| ९ | समृद्दि कृषि नर्सरी तथा पशुपंक्षी फर्म | धनकुटा नपा-४ | ९८१४३२९४९१ | ड्रामिन्सकी मोइस्टर मिटर | ५०००० |
| १० | सुरेन्द्र राई | धनकुटा नपा-१० | ९७६७५६९९५७ | मिनिटिलर | ६०००० |
| ११ | कृष्णकमल मगर | धनकुटा नपा-२ | ९८२७३६०३४० | चाफकटर | ३०००० |
| १२ | अनिस तामाङ | धनकुटा नपा-१ | ९७४९९२४४२२ | टनेल प्लाष्टिक | ३०००० |
| १३ | मनोज राई | धनकुटा नपा-१० | ९८४२५९५६३२ | मिनिटिलर | ६०००० |
| १४ | जमुना राई | धनकुटा नपा-६ | ९८१७३८६०२२ | मिनिटिलर | ६०००० |
| १५ | अनिता राई | धनकुटा नपा-९ | ९७०३३६१५७५ | मिनिटिलर | ६०००० |
| १६ | लेखबहादुर राई | धनकुटा नपा-९ | ९८४२०६२४५१ | मिनिटिलर | ६०००० |
| १७ | सुजन राई | धनकुटा नपा-१० | ९७०५४७९७१६ | मिनिटिलर | ६०००० |
| १८ | प्रदिप राई | धनकुटा नपा-२ | ९८२५३८४२३६ | मिनिटिलर | ६०००० |

## निर्णय नं १७

चालु आर्थिक वर्ष २०८२/०८३ मा धनकुटा नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालित "व्यावसायिक पशुपालनका लागि साझेदारी कार्यक्रम" बाट निम्नानुसार कृषक तथा कृषक समूह/फर्मलाई उपलब्ध गराइएको साझेदारी रकम अनुमोदन गर्ने निर्णय गरियो ।

निम्न

| क्र.सं. | कृषक/कृषक समूह/फर्मको नाम तथा ठेगाना | योजना/कार्यक्रम | भुक्तानी रकम (रु.) |
|---|---|---|---|
| १ | बुद्धिमान नेपाली, धनकुटा नगरपालिका—४ | बंगुरका पाठा/पाठी खरिद | १५,००० |
| २ | विश्रान्ति पशुपंक्षी तथा कृषि फर्म, धनकुटा नगरपालिका—९ | बिउ बोका खरिद | ४०,००० |
| ३ | कल्पना अधिकारी, धनकुटा नगरपालिका—५ | बंगुरका पाठा/पाठी खरिद | ५०,००० |
| ४ | सोनिया कृषि तथा पशुपंक्षी फर्म, धनकुटा नगरपालिका—५ | बोयर बोका खरिद | ४७,५०० |
| ५ | धनमाया मगर, धनकुटा नगरपालिका—२ | गाई खरिद | ५०,००० |
| ६ | निरा एकीकृत कृषि फर्म, धनकुटा नगरपालिका—३ | बंगुरका पाठा/पाठी खरिद | ४७,५०० |
| ७ | युवक तिम्सिना, धनकुटा नगरपालिका—७ | कृषि सामग्री खरिद | ४०,००० |
| ८ | जागरण कृषि फर्म, धनकुटा नगरपालिका—९ | माउ बाखा खरिद | ४०,००० |

## निर्णय नं. १८

प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) अन्तर्गत नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ बमोजिम धनकुटा नगरपालिकाबाट प्रस्तावित "डिजिटल स्थानीय आर्थिक सर्वेक्षण तथा स्थानीय उत्पादनको ई—मार्केटिङ्ग परियोजना (Digital Local Economic Survey and Local Product E-Marketing Promotion Project)" स्वीकृत भई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर र धनकुटा नगरपालिकाबीच मिति २०८३/०२/२२ गते परियोजना कार्यान्वयन सम्झौता सम्पन्न भएको तथा परियोजनाको प्रभावकारी, पारदर्शी, गुणस्तरीय एवं समयबद्ध कार्यान्वयन, समन्वय, तथा वित्तीय व्यवस्थापनका लागि परियोजना कार्यान्वयन समिति गठन गर्नु आवश्यक देखिएकाले देहाय बमोजिम परियोजना कार्यान्वयन समिति गठन गर्ने सम्बन्धमा कार्यालयको मिति २०८३/०३/०५ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**<u>परियोजना कार्यान्वयन समिति</u>**

| क्र.सं. | नाम | पद | समितिमा जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री दशरथ राई | प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| २ | श्री सीताराम गौतम | प्रशासन, योजना तथा अनुगमन अधिकृत | सदस्य |
| ३ | श्री नरबहादुर भुजेल | लेखा अधिकृत | सदस्य |
| ४ | श्री मिङ्गमा दोर्जी शेर्पा | इञ्जिनियर | सदस्य |
| ५ | श्री बिकास अधिकारी | आर्थिक विकास अधिकृत | सदस्य—सचिव |

**<u>समितिको कार्यादेश</u>**

१. स्वीकृत विस्तृत परियोजना प्रस्ताव, परियोजना सम्झौता तथा कार्ययोजना बमोजिम सम्पूर्ण परियोजना कार्यान्वयन गर्ने तथा गराउने।

२. परियोजनासँग सम्बन्धित खरिद प्रक्रिया, प्राविधिक समन्वय, वित्तीय व्यवस्थापन, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तथा समन्वय गर्ने।

३. परियोजनाको प्रगतिको नियमित समीक्षा गरी आवश्यक निर्णय तथा निर्देशन गर्ने।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश तथा अन्य सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने।

५. परियोजनाको गुणस्तर, पारदर्शिता, सुशासन तथा दिगोपना सुनिश्चित गर्ने।

६. आवश्यकता अनुसार विषयविज्ञ तथा सम्बन्धित शाखाका कर्मचारीलाई आमन्त्रण गरी कार्य सम्पादन गर्न सक्ने।

७. परियोजना कार्यान्वयनसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने।